# नीति अनुसन्धान प्रतिष्ठान

## मिति २०७८।०६।०१ मा प्रकाशित विज्ञापन बमोजिम पदपूर्ति गरिने अनुसन्धानकर्ता र सह-अनुसन्धानकर्ता पदको लागि उम्मेदवारको छनोट प्रक्रिया र कार्यविवरण

**१. पदपूर्ति गरेने पदहरूको विवरण र शर्त**

| क्र.स. | पद | सङ्ख्या | केन्द्र/ एकाइ | शैक्षिक योग्यता | | आवश्यक विषय (कुनै) |
|---|---|---|---|---|---|---|
| | | | | न्यूनतम | वाञ्छनीय | |
| १ | अनुसन्धानकर्ता (Research Fellow) | १ | परराष्ट्र नीति तथा सामरिक मामिला | स्नातकोत्तर | विद्यावारिधि | अन्तर्राष्ट्रिय सम्बन्ध, सुरक्षा, राजनीतिशास्त्र |
| २ | सह-अनुसन्धानकर्ता (Associate Research Fellow) | १ | शासन प्रबन्ध | स्नातकोत्तर | विद्यावारिधि | सार्वजनिक नीति, जनप्रशासन, समाजशास्त्र, राजनीतिशास्त्र, कानुन |

**२. छनोट प्रक्रिया** - दरखास्त आह्वानदेखि उम्मेदवारको अन्तिम छनोट सम्मको लागि देहायका प्रक्रिया अपनाइनेछ ।

१) दरखास्त आह्वान ।

२) तोकिएको मितिभित्र पेश गरिएको दरखास्तको प्रारम्भिक परीक्षण र रित तथा दरखास्तवालाको योग्यता पुगेको दरखास्तहरूको छनोट ।

३) दफा ३ को मूल्याङ्कन तालिकाको खण्ड १ बमोजिमको मूल्याङ्कनको आधारमा योग्यतासूची तयार गरी कम्तीमा ३२ प्रतिशत अङ्क (३२/१०० वा ३५.२/१०० अङ्क) प्राप्त गर्नेमध्येबाट उत्कृष्ट ५ उम्मेदवारलाई लघुसूची (shortlist) मा समावेश गरी सार्वजनिक सूचना गरी उम्मेदवारलाई इमेलमार्फत् जानकारी ।

४) सह-अनुसन्धानकर्ता पदको लागि लघुसूचीमा परेका उम्मेदवारहरूको सीप परीक्षणको लागि परीक्षाको मिति र समय तोकी उम्मेदवारलाई जानकारी ।

५) सीप परीक्षणको लागि परीक्षा सञ्चालन । प्रतिष्ठानले यस्तो परीक्षा उम्मेदवारहरूको भौतिक उपस्थिति वा अनलाइन माध्यमबाट सञ्चालन गराउन सक्नेछ ।

६) परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क ल्याई उत्तीर्ण हुने उम्मेदवारहरूलाई प्रस्तुतीकरण र अन्तर्वार्ताको लागि मिति र समय तोकी जानकारी दिने । अन्तर्वार्ता अनलाइन माध्यमबाट सञ्चालन हुनेछ र कुनै एक उम्मेदवारसँग एक भन्दा बढी पटक अन्तर्वाता लिन सकिनेछ ।

७) अन्तर्वार्तामा सामेल उम्मेदवारले बहुसङ्ख्यक परीक्षकबाट र प्रत्येक परीक्षकबाट ५० प्रतिशत भन्दा अङ्क प्राप्त गरेमा उत्तीर्ण र बहुसङ्ख्यक परीक्षकबाट ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा अनुत्तीर्ण भएको मानिनेछ ।

८) अन्तर्वार्तामा उत्तीर्ण हुने उम्मेदवारहरूको लघुसूचीको अङ्क, सीप परीक्षणको अङ्क र अन्तर्वार्ताको अङ्कको योगफलको आधारमा योग्यतासूची तयार गरी सर्वोत्कृष्ट उम्मेदवारलाई "छनोट भएको उम्मेदवार" र दोस्रो तथा तेस्रो वरियतामा रहेका उम्मेदवारहरूलाई क्रमश: "पहिलो वैकल्पिक उम्मेदवार" र "दोस्रो वैकल्पिक उम्मेदवार" को रूपमा घोषणा गरी सार्वजनिक सूचना जारी गरिनेछ र उम्मेदवारहरूलाई इमेलमार्फत जानकारी दिइने ।

९) वैकल्पिक उम्मेदवाहरूको मान्य अवधि नतिजा घोषणा भएको मितिबाट १ वर्ष कायम रहनेछ ।

१०) छनोट भएको उम्मेदवारले नतिजा घोषणा भएको मितिले १ हप्ताभित्र प्रतिष्ठानमा सम्पर्क गरी स्वीकारपत्र पेश गर्नुपर्नेछ । यस्तो सम्पर्क र सञ्चार भौतिक उपस्थिति, फोन वा इमेलबाट गर्न सकिनेछ ।

११) स्वीकारपत्र पेश गर्ने छनोट भएको उम्मेदवारलाई प्रतिष्ठानले नियुक्तिको प्रक्रिया अघि बढाउनेछ ।

## ३. अनुसन्धानकर्ता (परराष्ट्र नीति तथा सामरिक मामिला) उम्मेदवारको छनोटको लागि योग्यता सूचक र अङ्कभार:

| **Research Fellow (Foreign policy and strategic affairs)** | | | | | |
|---|---|---|---|---|---|
| Part 1: Evalaution of Qualification | | | | | |
| | Qualification | Indicators | Scoring | | Maximum score |
| 1 | Social Inclusion | Janajati, Madhesi, Dalit, Disability | 2.5 | | 5 |
| | | Woman | 2.5 | | |
| 2 | Education degree | PhD | 15 | | 15 |
| 3 | Job experience | (Academic, research or relevant administrative job) | 0-2 years= 0<br>3 or more years: 2.5 marks per year | | 10 |
| 4 | Research publication impact | Google H-Index | Science: multiply by factor 2.0 | | 25 |
| | | | Social science and humanities: multiply by factor 3.0 | | |
| 5 | All research publications | Article (SCImago Q1-Q2 journal) | 0.5 mark/article | Max 10 | 10 |
| | | Article (SCImago Q3-Q4 journal) | 0.4 marks/article | | |
| | | Article (JPPS star-rated journal) | 0.3 marks/article | | |
| | | Article at other peer-reviewed journals | 0.2 marks/article | Max 5 | |
| | | Books (research based, research methodology) | 0.4 marks/book | | |
| | | Book chapter | 0.1 marks/chapter | | |
| 6 | First author publications | Articles in ranked journals, books | 1.25 mark/article, book | Max 15 | 15 |
| | | Articles in non-ranked journals | 0.63 marks/article | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | Book chapter | 0.32 marks/chapter | Max 7.5 | |
| 7 | Policy research publications | Public policy related article or research report or book (*Scoring: 100% marks for items highly related to public policy, 50% marks for moderately related; 25% marks for partly related*) | First author: 2.5 marks/article, report, book | Max 15 | 15 |
| | | | Co-author: 1.25 marks/article, report, book | Max 7.5 | |
| 8 | Proficiency in statistics | Elementary | 0 | | 5 |
| | | Moderate | 2.5 | | |
| | | Advanced | 5 | | |
| | | | TOTAL (for shortlisting) | | 100 |
| Part 2: Presentation and Evaluation | | | | | |
| Presentation and Interview (See Table 2 and notes below for detailed scheme) | | | | | 50 |
| | | | GRAND TOTAL (for Final Selection) | | 150 |

## ४. सह-अनुसन्धानकर्ता (शासन प्रबन्ध) उम्मेदवारको छनोटको लागि प्रक्रिया चरण, योग्यता सूचक र अङ्कभार:

| Associate Research Fellow (governance) | | | | | |
|---|---|---|---|---|---|
| Part 1: Evalaution of Qualification | | | | | |
| | Qualification | Indicators | Scoring | | Maximum score |
| 1 | Social Inclusion | Janajati, Madhesi, Dalit, Disability | 2.5 | | 5 |
| | | Woman | 2.5 | | |
| 2 | Education degree | PhD | 15 | | 15 |
| 3 | Job experience | (Academic, research or relevant administrative job) | 2.0 marks per year | | 10 |
| 4 | Research publication impact | Google H-Index | Science: multiply by factor 3.0 | | 25 |
| | | | Social science and humanities: multiply by factor 4.0 | | |
| 5 | All research publications | Article (SCImago Q1-Q2 journal) | 0.8 mark/article | Max 10 | 10 |
| | | Article (SCImago Q3-Q4 journal) | 0.65 marks/article | | |
| | | Article (JPPS star-rated journal) | 0.5 marks/article | | |
| | | Article at other peer-reviewed journals | 0.35 marks/article | Max 5 | |
| | | Books (research based, research methodology) | 0.7 marks/book | | |
| | | Book chapter | 0.17 marks/chapter | | |
| 6 | First author publications | Articles in ranked journals, books | 2.0 mark/article, book | Max 15 | 15 |
| | | Articles in non-ranked journals | 1.0 marks/article | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | Book chapter | 0.5 marks/chapter | Max 7.5 | |
| 7 | Policy research publications | Public policy related article or research report or book (*Scoring: 100% marks for items highly related to public policy, 50% marks for moderately related; 25% marks for partly related*) | First author: 4.0 marks/article, report, book | Max 15 | 15 |
| | | | Co-author: 2.0 marks/article, report, book | Max 7.5 | |
| 8 | Proficiency in statistics | Elementary | 0 | | 5 |
| | | Moderate | 2.5 | | |
| | | Advanced | 5 | | |
| TOTAL (for shortlisting) | | | | | 100 |
| Part 2: Presentation and Evaluation | | | | | |
| Presentation and Interview (See Table 2 and notes below for detailed scheme) | | | | | 50 |
| GRAND TOTAL (for Final Selection) | | | | | 150 |

**द्रष्टव्य:**

१) कार्य अनुभवमा प्राज्ञिक, अनुसन्धान र सान्दर्भिक प्रशासनिक कार्य भन्नाले विश्वविद्यालय, अनुसन्धान संस्था र निजामती वा गैरसरकारी संस्थामा पूर्णकालीन शिक्षण, अनुसन्धान वा व्यवस्थापकीय कार्य गरेको भन्ने बुझ्नुपर्दछ र कार्यको सान्दर्भिकताको निर्क्योल समिति अन्तर्गतको प्राविधिक टोलीले गरे बमोजिम हुनेछ ।

२) अनुसन्धान प्रतिवेदनको अङ्क प्राप्त गर्नको लागि प्रमाणको रूपमा प्रतिवेदनको प्रतिलिपि वा प्रतिवेदन पेश गरेको प्रमाणित हुने कागजात पेश गर्नुपर्नेछ ।

३) नीति अनुसन्धान प्रकाशन भन्नाले सो अनुसन्धानले सम्बन्धित क्षेत्रको सार्वजनिक नीतिलाई सम्बोधन वा सूचित गर्न सक्ने प्रकृतिको प्रकाशन भन्ने बुझ्नुपर्दछ र यसको निर्धारण समिति अन्तर्गतको प्राविधक टोलीले गरे बमोजिम हुनेछ ।

४) तथ्याङ्कशास्त्रको प्रवीणता स्तरको हकमा एडभान्स भन्नाले स्नातकोत्तर तह वा माथिको तहमा शैक्षिक कोर्स लिएको वा विशेष तालिम लिएको र मोडरेट भन्नाले उम्मेदवारका अनुसन्धान प्रकाशनमा इन्फरेन्सियल स्टाटिस्टिक्स् लगायत विधिको प्रयोग गरेको र सामान्य भन्नाले स्नातक तह वा त्यस मुनिका शैक्षिक विषयको रूपमा अध्ययन गरेको वा अनुसन्धान प्रकाशनमा डिस्टक्रिप्टिभ स्टाटिस्टिक्स् मात्र प्रयोग गरेको अवस्था बुझ्नुपर्दछ र यसको निर्क्योल समिति अन्तर्गतको प्राविधक टोलीले गरे बमोजिम हुनेछ ।

## ५. लघुसूचीका र परीक्षामा उत्तीर्ण उम्मेदवारहरू (सबै तह) को लागि प्रस्तुतीकरण र अन्तर्वार्ताको ढाँचा र अङ्कभार:

| Part 2: Presentation and Interview | | | | |
|---|---|---|---|---|
| | Indicator | Scoring | Maximum | Score |
| 1 | **Research experience and policy skill**<br>• *Research experience and connection to public policy* | Freely scored by each judge | 15 | |

| | | | | |
|---|---|---|---|---|
| | • *Policy research and analysis skill* | | | |
| 2 | **Communication and public relation skill**<br>• *Quantity and quality of research articles, reports, and books*<br>• *Nepali and English language proficiency*<br>• *Presentation skill*<br>• *Public relation with policymakers and stakeholders* | | 15 | |
| 3 | **Public policy vision**<br>• *Contemporary policy issues*<br>• *Policy challanges and responses* | | 20 | |
| | | | TOTAL | 50 | |
| **Result (Pass/Fail)**<br>(Please indicate the result by tick mark [ √ ] | | **PASS [ ]**<br>(30 or more) | **FAIL [ ]**<br>(less than 30) | |

**द्रष्टव्य:**

१) लघुसूचीमा रहेका उम्मेदवारहरूलाई मात्र अन्तर्वार्तामा समेल गराइनेछ । अन्तर्वार्ता अनलाइन माध्यमबाट वा प्रत्यक्ष बैठकको ढाँचामा गर्न सकिनेछ ।

२) अन्तर्वाताको प्रारम्भमा उम्मेदवारले सामान्यतया निम्नलिखित तीन प्रश्नहरूको आधारमा तयार गरेको एक प्रस्तुतीकरण प्रस्तुत गर्नुपर्नेछ:

1. Share your research experience (research objectives and methods) and how you relate your research experience to public policy research.
2. What are your special attributes to contribute to evidence-based public policy formulation in Nepal?
3. What are major policy challanges in Nepal and how do you want to tackle them as a Research Fellow at PRI?

३) प्रस्तुतीकरण पछि अन्तर्वार्ताकारहरूले उम्मेदवारको प्रस्तुतीकरण, अनुसन्धान अनुभव, नीति अनुसन्धान र विश्लेषण क्षमता, सञ्चार र सार्वजनिक सम्बन्ध क्षमता, तथा नेपालको नीति चुनौती र समाधान सम्बन्धमा प्रश्नहरू गर्नेछन् र उम्मेदवारको मूल्याङ्कन गरी स्वतन्त्र हिसाबले अङ्क दिनेछन् ।

४) उम्मेदवारको अन्तर्वार्ता एक भन्दा बढी पटक लिन सकिनेछ ।

५) अन्तर्वार्तामा कम्तीमा ६० प्रतिशत अङ्क (५० पूर्णाङ्कमा ३० अङ्क) प्राप्त गर्नेलाई उत्तीर्ण उम्मेदवार र सो भन्दा कम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई अनुत्तीर्ण उम्मेदवार मानिनेछ । बहुसंख्याका अन्तर्वार्ताकारका मूल्याङ्कनमा अनुतीर्ण हुने उम्मेदवारलाई छनोटबाट हटाइनेछ ।

६) बहुसंख्याका अन्तर्वार्ताकारका मूल्याङ्कनमा उत्तीर्ण हुने उम्मेदवारले सबै अन्तर्वार्ताकारबाट पाएको अङ्कहरूको औसत अङ्क र सो उम्मेदवारले लघुसूची र परीक्षाको चरणमा प्राप्त गरेको अङ्क जोडी कुल प्राप्ताङ्कको गणना गरिनेछ र सबै उम्मेदवारहरूको कुल प्राप्ताङ्कको आधारमा

अन्तिम योग्यतासूची तयार गरी छनोट भएको र वैकल्पिक उम्मेदवारहरूको नतिजा घोषणा गरिनेछ ।

## ६. अनुसन्धानकर्ता (*परराष्ट्र नीति तथा सामरिक मामिला*) को कार्यविवरण

नीति अनुसन्धान प्रतिष्ठान
अनुसन्धान विभाग
परराष्ट्र नीति तथा सामरिक मामिला नीति अध्ययन केन्द्र
अनुसन्धानकर्ताको कार्यविवरण

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारले अपनाउने नीति अध्ययन अनुसन्धान र विश्लेषणको आधारमा तर्जुमा हुने व्यवस्था गर्न र शासकीय सुधार गर्दै सुशासन प्रवर्धन गर्ने कार्यमा सहयोग गर्न *नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५* द्वारा स्थापना भएको संस्था हो । प्रतिष्ठानले व्यापक विषयगत क्षेत्रहरूमा नीति अध्ययन, अनुसन्धान, संवाद, ज्ञान व्यवस्थापन र प्रसार गर्ने जिम्मेवारी पाएको छ । प्रतिष्ठानले कार्यकारी अध्यक्षको अध्यक्षतामा गठित सञ्चालक समितिको नीतिगत निर्देशनमा र कार्यकारी अध्यक्षको मातहतमा व्यवस्थापन विभाग, अनुसन्धान विभाग र सूचना तथा ज्ञान व्यवस्थापन विभाग र एवं विभिन्न समितिहरूको संगठनात्मक संरचनाद्वारा कार्य सम्पादन गर्दछ । प्रतिष्ठानमा अनुसन्धानको विषयगत कार्यक्षेत्रहरूलाई कार्यसहजताको लागि ५ केन्द्रमा विभाजन गरिएको छ - १. आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र; २. शासकीय प्रबन्ध तथा सङ्घीय मामिला नीति अध्ययन केन्द्र; ३. कानुनी तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र; ४. परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र; र ५. प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र । अनुसन्धान विभाग र सूचना तथा ज्ञान व्यवस्थापन विभागमा अनुसन्धान समूहका मानव संसाधनको रूपमा वरिष्ठ अनुसन्धानकर्ता (Senior Research Fellow), अनुसन्धानकर्ता (Research Fellow), सह-अनुसन्धानकर्ता (Associate Research Fellow) र विश्लेषक (Analyst) गरी ४ तहका कर्मचारी रहेका छन् । प्रतिष्ठानलाई आवश्यक पर्ने मानव संसाधन नियमित नियुक्तिद्वारा वा आवश्यकता अनुसार तोकिएको कार्य गराउने गरी परामर्शसेवा लिई पूरा गर्दछ । प्रतिष्ठानलाई आवश्यक पर्ने वरिष्ठ अनुसन्धानकर्ता सोझै वार्ताबाट नियुक्त गर्ने वा खुला प्रतिस्पर्धाबाट छनोट गरी नियुक्त गर्न सकिने प्रावधान छ । प्रतिष्ठानको अनुसन्धानकर्ताले सम्बन्धित अध्ययन केन्द्रको प्रमुखको निकटतम मातहतमा रही अनुसन्धान विभाग प्रमुखप्रति जवाफदेही र कार्यकारी अध्यक्षप्रति अन्तिम जवाफदेही रहने गरी तोकिएका कार्यहरू पूरा गर्नुपर्दछ ।

### (क) न्यूनतम तथा वाञ्छनीय योग्यता:

अनुसन्धानकर्ताको न्यूनतम र वाञ्छनीय शैक्षिक योग्यता, कार्य अनुभव, अनुसन्धान प्रकाशन, सीप र दक्षताका शर्त, अङ्कभार र मूल्याङ्कनका आधार पदपूर्ति समितिले पदपूर्तिको लागि वार्ता वा विज्ञापन गर्नु अघि तोके बमोजिम हुनेछ ।

**(ख) सेवाको किसिम र अवधि:**

**सेवाको किसिम:** करार

**सेवाको अवधि:** ६ महिना । कार्यसम्पादनको आधारमा करारको नवीकरण हुने । करार नवीकरण हुने पटक तोकिएको छैन ।

**(ग) तलबमान र सुविधा:**

प्रतिष्ठानले तोके बमोजिम ।

**(घ) कामको विवरण (Job description):**

१) प्रतिष्ठानको *राष्ट्रिय हित, परराष्ट्र नीति तथा सामरिक मामिला* समूह प्रमुख वा प्रमुख नभएको अवस्थामा अनुसन्धान विभाग प्रमुखको मातहतमा रही प्रतिष्ठानले तोकेको विषयमा अनुसन्धान गर्ने ।

२) अनुसन्धानकर्ताको विषयगत दक्षता र रुचिको क्षेत्रमा अनुसन्धानकर्ताको एकल संलग्नता वा अन्य अनुसन्धानकर्तासँगको सामूहिक सँलग्नतामा वर्षमा कम्तीमा एउटा नीति अनुसन्धान वा अध्ययन गर्नको लागि अनुसन्धान प्रस्ताव तयार गरी प्रतिष्ठानको विधि अनुसार अनुसन्धान अध्ययन गर्ने ।

३) प्रतिष्ठानको पञ्चवर्षीय रणनैतिक योजनामा उल्लेख भए अनुसार *राष्ट्रिय हित, परराष्ट्र नीति तथा सामरिक मामिला* केन्द्रको क्रियाकलाप सम्पन्न गर्न केन्द्र प्रमुख, विभाग प्रमुख र कार्यकारी अध्यक्षको निर्देशन अनुसार जिम्मेवारी पूरा गर्ने ।

४) प्रतिष्ठानको *राष्ट्रिय हित, परराष्ट्र नीति तथा सामरिक मामिला* केन्द्रको कार्यतगत क्षेत्रभित्र पर्ने सबै विषयहरू समेट्ने गरी प्रतिष्ठानमा सबै स्रोतबाट प्राप्त हुने सुझाव, परामर्श, अन्तर्क्रिया र आन्तरिक छलफलको आधारमा नीति अनुसन्धान परियोजना सूची (Policy Research Project Inventory) को स्थापना गरी निरन्तर अद्यावधिक गर्ने ।

५) आफ्नो विज्ञताको क्षेत्रभित्रका र जरूरी सार्वजनिक नीतिगत मामिलाका अनुसन्धान परियोजना आफ्नै पहलमा बनाई सञ्चालन गर्नको लागि अवधारणापत्र बनाई केन्द्र प्रमुख वा अनुसन्धान प्रमुख मार्फत् नीतिगत मामिला पहिचान समितिमा पेश गर्ने र अनुमोदन भएका परियोजना संयोजक वा अनुसन्धान विभाग प्रमुखको सामान्य सुपरिवेक्षणमा सञ्चालन गरी सम्पन्न गर्ने ।

६) *राष्ट्रिय हित, परराष्ट्र नीति तथा सामरिक मामिला* केन्द्रमा पर्ने विषयहरू र प्रतिष्ठानले तोकेका विषयहरूमा केन्द्र प्रमुख र विभाग प्रमुखको सुपरिवेक्षणमा अनुसन्धान परियोजना र क्रियाकलापका अवधारणापत्र, विस्तृत अनुसन्धान प्रस्ताव, प्रगति प्रतिवेदन, समीक्षा प्रतिवेदन, अन्तिम प्रतिवेदन लगायतका दस्तावेजहरू तयार गर्ने ।

७) अनुसन्धान प्रस्ताव, अनुसन्धान लेख र अनुसन्धान प्रतिवेदनको विज्ञ-समीक्षा, मूल्याङ्कन, अभिलेखीकरण आदि कार्य गर्ने ।

८) प्रतिष्ठानका अनुसन्धान निर्देशिका (Guidelines) तथा मानक सञ्चालन प्रक्रिया (Standard Operating Procedures) को अद्यावधिकरण र परिमार्जन गर्न सहयोग गर्ने ।

९) विज्ञ समीक्षित जर्नल (Peer-reviewed journal) सञ्चालनसँग सम्बन्धित दस्तावेज र निर्देशिका अद्यावधिक गर्न र जर्नलको सञ्चालन र गुणस्तर सुनिश्चितता गराउने कार्यमा योगदान गर्ने ।

१०) अनुसन्धानको गुणस्तर सुनिश्चितता तथा जिम्मेवार अनुसन्धान आचरणको रेखदेखमा सहयोग गर्ने ।

११) विज्ञसूची (Roster of experts) को स्थापना र व्यवस्थापनमा सहयोग गर्ने ।

१२) अनुसन्धान व्यवस्थापन प्रणाली (Research Management System) को स्थापना र सञ्चालनमा सहयोग गर्ने ।

१३) द्रुत अध्ययन र आकस्मिक नीति सुझावको लागि उपयोगी हुने पूर्वकार्य, सूचना, तथ्याङ्क सङ्कलन गरी प्रतिष्ठानको प्रणालीमा भण्डारण गर्न सहयोग गर्ने ।

१४) प्रतिष्ठानको सार्वजनिक नीति स्रोत केन्द्रलाई सूचना समृद्ध बनाउन विषयगत पुस्तक, सन्दर्भसामग्री, प्रविधि, विश्लेषण सफ्टवेयर आदि सङ्कलन गर्न सहयोग गर्ने ।

१५) नीति अनुसन्धानका सैद्धान्तिक र व्यावहारिक क्षेत्रमा अन्तर्राष्ट्रिय थिङ्क ट्याङ्क र प्राज्ञिक जगतमा भइरहेका विकास र बहसको निरन्तर अध्ययन गरी प्रतिष्ठानको अनुसन्धान कार्यक्रमको लागि ग्रहण गर्न सकिने सिद्धान्त, विधि, उपकरण, बहस र ज्ञान केन्द्र प्रमुख, विभाग प्रमुख, कार्यकारी अध्यक्ष र सहकर्मीहरूलाई ब्रीफिङ गर्ने ।

१६) अनुसन्धान प्रतिवेदनको सारसङ्क्षेप, नीति सङ्क्षेप, विषय सङ्क्षेप, कार्यपत्र, दृष्टिकोण लेख लगायतका नीति अनुसन्धान लेखहरू केन्द्र प्रमुख र विभाग प्रमुखको समन्वयमा तयार गर्ने ।

१७) प्रतिष्ठानको समाचारपत्रिका र वार्षिक प्रतिवेदनको लागि केन्द्रको क्रियालकलापको सूचना सङ्कलन गरी तयारी अवस्थामा राख्ने ।

१८) अनुसन्धानसँग सम्बन्धित आन्तरिक छलफल, योजना र कार्यक्रममा सुझाव, प्रस्ताव र पृष्ठपोषणद्वारा र कार्यक्रम सञ्चालन हुँदा जिम्मेवारी लिई योगदान गर्ने ।

१९) प्रतिष्ठानको इनटर्नशिप कार्यक्रम सञ्चालनमा सहयोग गर्ने ।

२०) केन्द्रका सह-अनुसन्धानकर्ता, कर्मचारी र इन्टर्नहरूको सुपरिवेक्षण गर्ने गराउने ।

२१) विषयगत प्राज्ञिक समाज र नीति सरोकारवाला संस्था एवं व्यक्तिसँग प्रतिष्ठानको हित र चासो अनुरूप सम्पर्क गरी सञ्जाल निर्माण गर्ने ।

२२) प्रतिष्ठानको सार्वजनिक नीति संवादमा योगदान गर्ने ।

२३) प्रतिष्ठानले गरेका अनुसन्धान सहकार्यका प्रतिष्ठानले तोकेको जिम्मेवारी अनुसार कार्य सम्पादन गर्ने ।

२४) अनुसन्धान विभाग प्रमुख र प्रतिष्ठानका कार्यकारी अध्यक्षले तोके बमोजिमको कार्य गर्ने ।

**(ङ) केन्द्र हेरफेर गर्न सकिने:**

अनुसन्धानकर्ताको शिक्षा, कार्य अनुभव र रुचिसँग मिल्ने गरी एक वा एकभन्दा बढी केन्द्रको जिम्मेवारी तोक्न सकिनेछ र प्रतिष्ठानको आवश्यकता अनुसार समूह हेरफेर गर्न सकिनेछ ।

**(च) अनुसन्धानकर्ताले पालना गर्नु पर्ने आचरणः**

- प्रतिष्ठानको कर्मचारी आचार संहिताको पालना ।
- प्रतिष्ठानको अनुसन्धान सदाचार निर्देशिकाको पालना ।
- प्रतिष्ठानको कर्मचारी शिष्टाचार (etiquette) को पालना ।
- तोकेको कार्य सम्पन्न गरेपछि सोको अभिलेख सहितको प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।
- प्रतिष्ठानमा र प्रतिष्ठान बाहिर भएका पेशागत भेटघाट र सभाका बारेमा प्रतिष्ठानका विभाग प्रमुख र कार्यकारी अध्यक्ष समक्ष निर्धारित ढाँचामा लेखिएको बैठक नोट सहित ब्रीफिङ गर्ने ।
- अनुसन्धान कार्यमा वस्तुवादिता र उच्च गुणस्तरप्रतिको प्रतिष्ठानको प्रतिबद्धतालाई ध्यानमा राखी सोही बमोजिम कार्य सम्पादन गर्ने ।
- प्रतिष्ठानले सार्वजनिक गरेका बाहेक अन्य सूचनाहरू सार्वजनिक नगर्ने ।
- प्रतिष्ठानमा अध्ययन अनुसन्धान गरिएका सामग्रीहरू प्रतिष्ठानको स्वीकृति बेगर प्रचार, प्रसार वा प्रकाशन गर्न पाइने छैन ।
- सार्वजनिक सञ्चारमा प्रस्तुत हुँदा प्रतिष्ठानको अनुसन्धानकर्ताको रूपमा परिचित हुने र प्रतिष्ठान तथा आफ्नो पदको गरिमा कायम रहने गरी व्यवहार गर्न सचेत रहने ।

## ७. सह-अनुसन्धानकर्ता (*शासन प्रबन्ध*) को कार्यविवरण

नीति अनुसन्धान प्रतिष्ठान

अनुसन्धान विभाग

शासकीय प्रबन्ध तथा सङ्घीय मामिला नीति अध्ययन केन्द्र

सह-अनुसन्धानकर्ता (शासन प्रबन्ध) को कार्यविवरण

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारले अपनाउने नीति अध्ययन अनुसन्धान र विश्लेषणको आधारमा तर्जुमा हुने व्यवस्था गर्न र शासकीय सुधार गर्दै सुशासन प्रवर्धन गर्ने कार्यमा सहयोग गर्न *नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५* द्वारा स्थापना भएको संस्था हो । प्रतिष्ठानले व्यापक विषयगत क्षेत्रहरूमा नीति अध्ययन, अनुसन्धान, संवाद, ज्ञान व्यवस्थापन र प्रसार गर्ने जिम्मेवारी पाएको छ । प्रतिष्ठानले कार्यकारी अध्यक्षको अध्यक्षतामा गठित सञ्चालक समितिको नीतिगत निर्देशनमा र कार्यकारी अध्यक्षको मातहतमा व्यवस्थापन विभाग, अनुसन्धान विभाग र सूचना तथा ज्ञान व्यवस्थापन विभाग र एवं विभिन्न समितिहरूको संगठनात्मक संरचनाद्वारा कार्य सम्पादन गर्दछ । प्रतिष्ठानमा अनुसन्धानको विषयगत कार्यक्षेत्रहरूलाई कार्यसहजताको लागि ५ केन्द्रमा विभाजन गरिएको छ - १. आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र; २. शासकीय प्रबन्ध तथा सङ्घीय मामिला नीति अध्ययन केन्द्र; ३. कानुनी तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र; ४. परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र; र ५. प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र । अनुसन्धान विभाग र सूचना तथा ज्ञान व्यवस्थापन विभागमा अनुसन्धान समूहका मानव संसाधनको रूपमा वरिष्ठ अनुसन्धानकर्ता (Senior Research Fellow), अनुसन्धानकर्ता (Research Fellow), सह-अनुसन्धानकर्ता (Associate Research Fellow) र विश्लेषक (Analyst) गरी ४ तहका कर्मचारी रहेका छन् । प्रतिष्ठानलाई आवश्यक पर्ने मानव संसाधन नियमित नियुक्तिद्वारा वा आवश्यकता अनुसार तोकिएको कार्य गराउने गरी परामर्शसेवा लिई पूरा गर्दछ । प्रतिष्ठानलाई आवश्यक पर्ने वरिष्ठ अनुसन्धानकर्ता सोझै वार्ताबाट नियुक्त गर्ने वा खुला प्रतिस्पर्धाबाट छनोट गरी नियुक्त गर्न सकिने प्रावधान छ । प्रतिष्ठानको सह-अनुसन्धानकर्ताले सम्बन्धित अध्ययन केन्द्रको प्रमुखको निकटतम मातहतमा रही अनुसन्धान विभाग प्रमुखप्रति जवाफदेही र कार्यकारी अध्यक्षप्रति अन्तिम जवाफदेही रहने गरी तोकिएका कार्यहरू पूरा गर्नुपर्दछ ।

**(क) न्यूनतम तथा वाञ्छनीय योग्यता:**

सह-अनुसन्धानकर्ताको न्यूनतम र वाञ्छनीय शैक्षिक योग्यता, कार्य अनुभव, अनुसन्धान प्रकाशन, सीप र दक्षताका शर्त, अङ्कभार र मूल्याङ्कनका आधार पदपूर्ति समितिले पदपूर्तिको लागि वार्ता वा विज्ञापन गर्नु अघि तोके बमोजिम हुनेछ ।

**(ख) सेवाको किसिम र अवधि:**

**सेवाको किसिम:** करार

**सेवाको अवधि:** ६ महिना । कार्यसम्पादनको आधारमा करारको नवीकरण हुने । करार नवीकरण हुने पटक तोकिएको छैन ।

**(ग) तलबमान र सुविधा:**

प्रतिष्ठानले तोके बमोजिम ।

**(घ) कामको विवरण (Job description):**

१) प्रतिष्ठानको *शासकीय प्रबन्ध तथा सङ्घीय मामिला नीति अध्ययन केन्द्र* प्रमुख र अनुसन्धान विभाग प्रमुखको मातहतमा रही सम्बन्धित केन्द्र अन्तर्गतका *शासन प्रबन्ध* एकाइ (unit) मा प्रतिष्ठानले तोकेको विषयमा अनुसन्धान गर्ने ।

२) सह-अनुसन्धानकर्ताको विषयगत दक्षता र रुचिको क्षेत्रमा सह-अनुसन्धानकर्ताको एकल संलग्नता वा अन्य अनुसन्धानकर्तासँगको सामूहिक सँलग्नतामा वर्षमा कम्तीमा एउटा नीति अनुसन्धान वा अध्ययन गर्नको लागि अनुसन्धान प्रस्ताव तयार गरी प्रतिष्ठानको विधि अनुसार अनुसन्धान अध्ययन गर्ने ।

३) प्रतिष्ठानको पञ्चवर्षीय रणनैतिक योजनामा उल्लेख भए अनुसार सम्बन्धित केन्द्रको क्रियाकलाप सम्पन्न गर्न समूह, विभाग र कार्यकारी अध्यक्षको निर्देशन अनुसार जिम्मेवारी पूरा गर्ने ।

४) सम्बन्धित केन्द्रको कार्यतगत क्षेत्रभित्र पर्ने सबै विषयहरू समेट्ने गरी प्रतिष्ठानमा सबै स्रोतबाट प्राप्त हुने सुझाव, परामर्श, अन्तर्क्रिया र आन्तरिक छलफलको आधारमा नीति अनुसन्धान परियोजना सूची (Policy Research Project Inventory) को स्थापना गरी निरन्तर अद्यावधिक गर्ने ।

५) आफ्नो विज्ञताको क्षेत्रभित्रका र जरूरी सार्वजनिक नीतिगत मामिलाका अनुसन्धान परियोजना आफ्नै पहलमा बनाई सञ्चालन गर्नको लागि अवधारणापत्र बनाई केन्द्र प्रमुख वा अनुसन्धान प्रमुख मार्फत् नीतिगत मामिला पहिचान समितिमा पेश गर्ने र अनुमोदन भएका परियोजना संयोजक वा अनुसन्धान विभाग प्रमुखको सामान्य सुपरिवेक्षणमा सञ्चालन गरी सम्पन्न गर्ने ।

६) सम्बन्धित केन्द्रमा पर्ने विषयहरू र प्रतिष्ठानले तोकेका विषयहरूमा केन्द्र प्रमुख र विभाग प्रमुखको सुपरिवेक्षणमा अनुसन्धान परियोजना र क्रियाकलापका अवधारणापत्र, विस्तृत अनुसन्धान प्रस्ताव, प्रगति प्रतिवेदन, समीक्षा प्रतिवेदन, अन्तिम प्रतिवेदन लगायतका दस्तावेजहरू तयार गर्ने ।

७) अनुसन्धान प्रस्ताव, अनुसन्धान लेख र अनुसन्धान प्रतिवेदनको विज्ञ-समीक्षा, मूल्याङ्कन, अभिलेखीकरण आदि कार्य गर्ने ।

८) प्रतिष्ठानका अनुसन्धान निर्देशिका (Guidelines) तथा मानक सञ्चालन प्रक्रिया (Standard Operating Procedures) को अद्यावधिकरण र परिमार्जनमा सहयोग गर्ने ।

९) विज्ञ समीक्षित जर्नल (Peer-reviewed journal) सञ्चालनसँग सम्बन्धित दस्तावेज र निर्देशिका अद्यावधिक गर्न र जर्नलको सञ्चालन र गुणस्तर सुनिश्चितता गराउने कार्यमा सहयोग गर्ने ।

१०) अनुसन्धानको गुणस्तर सुनिश्चितता तथा जिम्मेवार अनुसन्धान आचरणको रेखदेखमा सहयोग गर्ने ।

११) विज्ञसूची (Roster of experts) को स्थापना र व्यवस्थापनमा सहयोग गर्ने ।

१२) अनुसन्धान व्यवस्थापन प्रणाली (Research Management System) को स्थापना र सञ्चालनमा सहयोग गर्ने ।

१३) द्रुत अध्ययन र आकस्मिक नीति सुझावको लागि उपयोगी हुने पूर्वकार्य, सूचना, तथ्याङ्क सङ्कलन गरी प्रतिष्ठानको प्रणालीमा भण्डारण गर्न सहयोग गर्ने ।

१४) प्रतिष्ठानको सार्वजनिक नीति स्रोत केन्द्रलाई सूचना समृद्ध बनाउन विषयगत पुस्तक, सन्दर्भसामग्री, प्रविधि, विश्लेषण सफ्टवेयर आदि सङ्कलन गर्न सहयोग गर्ने ।

१५) नीति अनुसन्धानका सैद्धान्तिक र व्यावहारिक क्षेत्रमा अन्तर्राष्ट्रिय थिङ्क ट्याङ्क र प्राज्ञिक जगतमा भइरहेका विकास र बहसको निरन्तर अध्ययन गरी प्रतिष्ठानको अनुसन्धान कार्यक्रमको लागि ग्रहण गर्न सकिने सिद्धान्त, विधि, उपकरण, बहस र ज्ञान केन्द्र प्रमुख, विभाग प्रमुख, कार्यकारी अध्यक्ष र सहकर्मीहरूलाई ब्रीफिङ गर्ने ।

१६) अनुसन्धान प्रतिवेदनको सारसङ्क्षेप, नीति सङ्क्षेप, विषय सङ्क्षेप, कार्यपत्र, दृष्टिकोण लेख लगायतका नीति अनुसन्धान लेखहरू केन्द्र प्रमुख र विभाग प्रमुखको समन्वयमा तयार गर्ने ।

१७) प्रतिष्ठानको समाचारपत्रिका र वार्षिक प्रतिवेदनको लागि केन्द्रको क्रियालकलापको सूचना सङ्कलन गरी तयारी अवस्थामा राख्ने ।

१८) अनुसन्धानसँग सम्बन्धित आन्तरिक छलफल, योजना र कार्यक्रममा सुझाव, प्रस्ताव र पृष्ठपोषणद्वारा र कार्यक्रम सञ्चालन हुँदा जिम्मेवारी लिई सहयोग गर्ने ।

१९) प्रतिष्ठानको इनटर्नशिप कार्यक्रम सञ्चालनमा सहयोग गर्ने ।

२०) विषयगत प्राज्ञिक समाज र नीति सरोकारवाला संस्था एवं व्यक्तिसँग प्रतिष्ठानको हित र चासो अनुरूप सम्पर्क गरी सञ्जाल निर्माणमा सहयोग गर्ने ।

२१) प्रतिष्ठानको सार्वजनिक नीति संवादमा योगदान गर्ने ।

२२) प्रतिष्ठानले गरेका अनुसन्धान सहकार्यका प्रतिष्ठानले तोकेको जिम्मेवारी अनुसार कार्य सम्पादन गर्ने ।

२३) अनुसन्धान विभाग प्रमुख र प्रतिष्ठानका कार्यकारी अध्यक्षले तोके बमोजिमको कार्य गर्ने ।

**(ङ) केन्द्र हेरफेर गर्न सकिने:**

अनुसन्धानकर्ताको शिक्षा, कार्य अनुभव र रुचिसँग मिल्ने गरी एक वा एकभन्दा बढी केन्द्रको जिम्मेवारी तोक्न सकिनेछ र प्रतिष्ठानको आवश्यकता अनुसार समूह हेरफेर गर्न सकिनेछ ।

**(च) सह–अनुसन्धानकर्ताले पालना गर्नु पर्ने आचरणः**

- प्रतिष्ठानको कर्मचारी आचार संहिताको पालना ।
- प्रतिष्ठानको अनुसन्धान सदाचार निर्देशिकाको पालना ।
- प्रतिष्ठानको कर्मचारी शिष्टाचार (etiquette) को पालना ।
- तोकेको कार्य सम्पन्न गरेपछि सोको अभिलेख सहितको प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।
- प्रतिष्ठानमा र प्रतिष्ठान बाहिर भएका पेशागत भेटघाट र सभाका बारेमा प्रतिष्ठानका विभाग प्रमुख र कार्यकारी अध्यक्ष समक्ष निर्धारित ढाँचामा लेखिएको बैठक नोट सहित ब्रीफिङ गर्ने ।
- अनुसन्धान कार्यमा वस्तुवादिता र उच्च गुणस्तरप्रतिको प्रतिष्ठानको प्रतिबद्धतालाई ध्यानमा राखी सोही बमोजिम कार्य सम्पादन गर्ने ।
- प्रतिष्ठानले सार्वजनिक गरेका बाहेक अन्य सूचनाहरू सार्वजनिक नगर्ने ।
- प्रतिष्ठानमा अध्ययन अनुसन्धान गरिएका सामग्रीहरू प्रतिष्ठानको स्वीकृति बेगर प्रचार, प्रसार वा प्रकाशन गर्न पाइने छैन ।
- सार्वजनिक सञ्चारमा प्रस्तुत हुँदा प्रतिष्ठानको सह-अनुसन्धानकर्ताको रूपमा परिचित हुने र प्रतिष्ठान तथा आफ्नो पदको गरिमा कायम रहने गरी व्यवहार गर्न सचेत रहने ।